जि.प्र.का काठमाडौं दर्ता नं. १०२६/२०६०-०६१
स.क.प. आवद्धता नं. १६४२४/२०६०-०६१

# खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल

# Federation of Drinking Water and Sanitation Users Nepal (FEDWASUN)

मिति: २०७३/०४/१७

## प्रेस विज्ञप्ती

मुलुकमा विभिन्न भागमा हालै आएको वर्षाका कारण आएको बाढी पहिरोमा परी ठूलो जन धनको क्षति भएकोमा यो महासंघ गहिरो दु:ख व्यक्त गर्दछ । यस दु:खद् घडीमा मृतकहरुप्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दछौं साथै घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै बेपत्ता भएका हरुको खोजवीन, घाइतेको उपचार तथा यथासिघ्र उद्धार राहत तथा उचित क्षतिपूर्तिका लागि तत्काल व्यवस्था गर्न यो महासंघ नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

विपद्का कारण सुरक्षित खानेपानी तथा सरसफाइको अभाव हुन गई मुलुकका विभिन्न भागमा हैजा, झाडा पखाला, आउँ, ज्वरो, निमोनियाँ तथा रुघाखोकीका बिरामी देखिन थालेको र यो क्रम बढ्दो रहेकोमा यस महासंघको गम्भिर ध्यानाकर्षण भएको छ । विपद्को यो घडीमा आफ्नो स्वास्थ्य प्रति ध्यान दिँदै पानी शुद्धिकरण गरेर मात्र पिउन, शौचालयमा मात्र दिशा पिसाव गर्न तथा सफा र सुरक्षित खानेकुरा खान सम्पूर्ण जनसमूदायमा हामी हार्दिक आग्रह गर्दछौं । साथै आफ्नो उपभोक्ता संस्थाले वितरण गर्ने पानी आवश्यक शुद्धिकरण गरेर मात्र वितरण गर्न सम्पूर्ण खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समितिहरुलाई हार्दिक आग्रह गरिन्छ ।

विपद्को यो अवस्थामा पानीजन्य तथा सरसफाइजन्य रोग नियन्त्रणका लागि तत्काल उचित कदम चाल्न नेपाल सरकार, संयुक्त राष्ट्रसंघीय निकायहरु, विकास साझेदार तथा स्थानीय संघ संस्थाहरुसँग यो महासंघ हार्दिक आग्रह गर्दछ ।

राजेन्द्र अर्याल
राष्ट्रिय अध्यक्ष

केन्द्रीय कार्यालय
जेसिस मार्ग, थापाथली काठ्माण्डौ, फोन नं. ०१-४२४९७२० फ्याक्स नं. ०१-४२४९७२०
email: fedwasun@wlink.com.np url : www.fedwasun.org